बैठक संख्या—

आज मिति २०८० मंसिर २० गते बुधवारका दिन जनकपुरधाम उप-महानगरपालिकाको नगर प्रमुख श्री मनोज कुमार साह सुडीज्यूको अध्यक्षतामा जनकपुरधाम उप-महानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाममा बस्यो । उक्त बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

## उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह सुडी | नगर– प्रमुख | |
| २ | श्री किशोरी साह | नगर उप–प्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडा नं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ५ | श्री दिपेन्द्र कुमार साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ६ | श्री सुरेश झा | वडाअध्यक्ष, वडा नं.४ | |
| ७ | श्री मोहन साहु हलुवाई | वडाअध्यक्ष, वडा नं.५ | |
| ८ | श्री दिनेश प्रसाद साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ९ | श्री नितेश कुमार साह | वडाअध्यक्ष, वडा नं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडा नं.८ | |
| ११ | श्री रामेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| १२ | श्री मिथलेश कुमार कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १३ | श्रीमती शिला कुमारी देवी | का.वा. वडाअध्यक्ष, वडा नं.११ | |
| १४ | श्री महेन्द्र साह तेली | वडाअध्यक्ष, वडा नं.१२ | |
| १५ | श्री जीत बहादुर राउत | वडाअध्यक्ष, वडा नं.१३ | |

| | | | |
|---|---|---|---|
| १६ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडा नं.१४ | |
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडा नं.१५ | |
| १८ | श्री रामचन्द्र पजियार | वडाअध्यक्ष, वडा नं.१६ | |
| १९ | श्री रामवृक्ष यादव | वडाअध्यक्ष, वडा नं.१७ | |
| २० | श्री लक्ष्मेश्वर मण्डल केवट | वडाअध्यक्ष, वडा नं.१८ | |
| २१ | श्री विनोद कुमार साह | वडाअध्यक्ष, वडा नं.१९ | |
| २२ | श्री मोति राईन कवारी | वडाअध्यक्ष, वडा नं.२० | |
| २३ | श्री राज नारायण साह | वडाअध्यक्ष, वडा नं.२१ | |
| २४ | श्री विमलेश मिश्र | वडाअध्यक्ष, वडा नं.२२ | |
| २५ | श्री राघवेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडा नं.२३ | |
| २६ | श्री उपेन्द्र सहनी | वडाअध्यक्ष, वडा नं.२४ | |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडा नं.२५ | |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| २९ | श्रीमती शारदा पन्त | नगर कार्यपालिका सदस्य | |
| ३० | श्रीमती मनिषा कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | |
| ३६ | श्री सुमन कुमार कार्की | सचिव - प्र.प्र.अ. | |

जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

**<u>बैठकको कार्यसूचीहरु:</u>**

१. विवाह पञ्चमीको तयारी सम्बन्धमा ।
२. योजनाहरुको म्याद थप सम्बन्धमा ।
३. ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
४. अवकास भएका कर्मचारीहरुको भुक्तानी सम्बन्धमा ।
५. सहायक कम्प्युटर अपरेटर लगायतको सेवा करार प्रक्रिया अघि बढाउने सम्बन्धमा ।
६. मासिक ज्यालादारीमा कर्मचारी नराख्ने सम्बन्धमा ।
७. विविध ।

**<u>निर्णयहरु:</u>**

१. जनकपुरधाम उप-महानगरपालिकामा आयोजना हुँदै आएको श्री रामसीता विवाह पञ्चमी महोत्सवलाई भव्य तथा सफलतापूर्वक सम्पन्न गर्न सो अवसरमा देश बिदेशबाट पाल्नुहुने श्रद्धालुहरुको सुविधालाई मध्यनजर गर्दै बाह्रबिघा र यस उप-महानगरपालिकामा प्रवेश गर्ने चारै वटा प्रवेश द्वारहरुका साथै भक्तजनहरुको भिडभाड हुने स्थानहरुमा आवश्यक संख्यामा सार्वजनिक शौचालय, खानेपानीको व्यवस्था, विभिन्न स्थानहरुमा स्वास्थ्य शिविरहरु, सुरक्षा व्यवस्थापन लगायतका अत्यावश्यक कार्यहरु तदारुकताका साथ समयमा नै पूरा गर्ने निर्णय गरियो । साथै, सो कार्यहरु गरे गराए वापत लाग्ने खर्चहरु जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा यस उप-महानगरपालिकाको चालु आ.ब. २०८०/०८१ मा स्वीकृत बजेटको सम्बन्धित शीर्षकहरुबाट भुक्तानी दिने निर्णय समेत गरियो ।

२. यस उप-महानगरपालिकामा सञ्चालित देहायका योजनाहरुको म्याद देहाय बमोजिम थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम र ठेक्का नं. | म्याद समाप्त भएको मिति | म्याद थप गर्नु पर्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | भानु चौक नजिक निर्माणाधिन रहेको सार्वजनिक सेवा प्रवाह | २०७९।०७।२९ | २०८१।०३।१५ | |

जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | भवनका ठे.नं. ४-०७६।७७ Works | | | |
| २ | विभिन्न ११ वटा वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य, ठे.नं. ७-०७६।७७ | २०८०।०३।१५ | २०८१।०३।१५ | |
| ३ | बारुणयन्त्र खरिद कार्य, ठे.नं. १-२०७९।८० Goods | २०८०।०३।३१ | २०८०।०४।३१ | |
| ४ | श्री माध्यमिक विद्यालय, सोहनी मुजेलिया-१४ को विद्यालय भवन निर्माण कार्य | २०७९।०३।२५ | २०८१।११।३० | |
| ५ | श्री राम जानकी मा.वि. जानकीनगर-७ को ४ कोठे भवन निर्माण कार्य | २०८०।०३।२० | २०८०।१२।१२ | |
| ६ | श्री जनता मा.वि. बेल्ही रजौल वडा नं. १४ को ४ कोठे भवन निर्माण कार्य | २०८०।०३।१५ | २०८०।०४।३२ | |
| ७ | श्री सरस्वती मा.वि. कटरैतको चारकोठे भवन निर्माण | | | जो जे गर्नु पर्ने आवश्यक कारवाही अघि बढाउने |

३. जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्र सामान्य दिनहरु बाहेक मासिक पूर्णिमा, रक्षाबन्धन, कृष्णाष्टमी, ईन्द्रपुजा, मकर संक्रान्ति, अन्तरगृह परिक्रमा, चैते दशैं, चैती छठ, विवाह पञ्चमी, रामनवमी, जानकी नवमी, विभिन्न पुजा तथा अन्य व्यावसायिक मेलाहरुको मात्र सम्पूर्ण नगर क्षेत्रमा आ.व. २०८०।०८१ असार मसान्त सम्मको लागि जनकपुरधाम उप-महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ९ को अनुसुची ८, जनकपुरधाम उप-महानगरपालिकाको आय ठेक्का बन्दोबस्ती नियमावली, २०७७ को परिच्छेद २ को नियम ३(१) तथा राजस्व परामर्श समितिको मिति २०८०।०३।२७ गतेको निर्णयानुसार ठेक्का बन्दोबस्ती लगाउन मिति २०८०।०३।२९ तगे ३० दिने

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

सूचना प्रकाशित भई तेस्रो पटक मिति २०८०।०६।०४ गते तेस्रो पटक सूचना प्रकाशित भएको र मिति २०८०।०८।१९ गते पुनः ७ दिने सूचना प्रकाशित गर्ने निर्णय भएकोमा यस उप-महानगरपालिकाको सडकका फुटपाथहरु खाली गराई व्यवस्थित गर्ने नीति रहेको सन्दर्भ एवं प्रस्तुत ठेक्का बन्दोबस्तीको विषयमा थप अध्ययन एवं छलफल समेत गर्नु पर्ने देखिएकोले अर्को निर्णय नभए सम्म हाल सूचना प्रकाशन लगायतका सो सम्बन्धी सम्पूर्ण कारवाही स्थगन गर्ने निर्णय गरियो ।

८. जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मातहत कार्यरत देहायका कर्मचारीहरु विभिन्न मितिमा उमेद हद लगायतको कारण अवकास भएकोमा सो कार्यालयको आर्थिक प्रशासन शाखाबाट साबिककै व्यवस्था बमोजिम निजहरुले नियमानुसार अवकास पश्चात् प्राप्त गर्नुपर्ने रकमको हिसाब गरी सो रकम भुक्तान गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नाम, थर | पद | अवकास मिति | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम विलास हलखोर | कुचीकार | २०८०।०४।०६ | अनिवार्य अवकास |
| २. | श्री नर बहादुर मगर | हेभी सवारी चालक | २०८०।०४।०६ | अनिवार्य अवकास |
| ३. | श्री जैसीलाल मंडल | ना.सु. पाचौं | २०८०।०४।२४ | मृत्यु |
| ४. | श्री राजेश कुमार ढकाल | अधिकृत छैठौं | २०८०।०८।१६ | अनिवार्य अवकास |
| ५. | श्री प्रदिप राउत | का.स. | २०८०।०७।०९ | अनिवार्य अवकास |

९. यस कार्यालयबाट विभिन्न मितिमा सूचना प्रकाशित गरी सहायक कम्प्युटर अपरेटर लगायतको सेवा करारमा लिन सूचना प्रकाशित गरिएकोमा सोका साथै यस उप-महानगरपालिकालाई अत्यावश्यक रहेको रिक्त दरबन्दीमा नियमानुसार जनशक्ति सेवा करारमा लिन आवश्यक प्रक्रिया अविलम्ब अघि बढाउने निर्णय गरियो तथा मिति २०८०।०८।२९ गतेको प्रकाशित सूचना बमोजिम सहायक कम्प्युटर अपरेटरको छनौटका लागि योग्यता परीक्षणलाई थप प्रभावकारी तथा प्रतिस्पर्धी बनाउन पहिलो चरणमा ५० अंकको लिखित परीक्षा संचालन गर्ने र सो परीक्षामा कम्तीमा ४०% उत्तीर्णांक ल्याउने उम्मेदवारहरुलाई मात्र बाँकी चरणमा सहभागी गराउने र निजहरुले लिखित परीक्षामा प्राप्त गरेको अंकलाई जनकपुरधाम उप-महानगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि बमोजिम जोडी योग्यताक्रम (अन्तिम नतिजा) प्रकाशन गर्ने निर्णय गरियो ।

जनकपुरधाम उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय जनकपुरधाम, धनुषा मधेश प्रदेश नेपाल

६. जनकपुरधाम उप-महानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९।०७।०१ गतेको निर्णय नं. १०(क) बाट यस उपमहानगरपालिका क्षेत्र भित्र सरसफाइ तथा आसन्न चाड पर्वलाई लक्षित गर्नुका साथै सरसफाइको कर्मचारीको कमीका कारण समेत जनाई यस कार्यालयको स्वीकृत दरबन्दी तेरिज अनुसार कर्मचारी व्यवस्थापन नहुन्जेल सम्मका लागि मासिक ज्यालादारीमा केही कर्मचारीहरु कार्यरत रहेकोमा जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०७९।०८।२९ गतेको प्रकाशित सूचना बमोजिम मिति २०८०।०८।०८ गते देखि कुचीकार. हलुका सवारी चालक तथा हेभी सवारी चालकहरुको सेवा करारमा लिइएको तथा तथा अन्यको प्रक्रिया समाप्ति हुने अवस्थामा रहेकोले सोही मिति देखि लागू हुने गरी उक्त कार्यालय मातहत साबिकमा कम्प्युटर अपरेटर एवं भान्सेको रुपमा कामकाज गर्दै आएको बाहेक अन्य कुनै पनि कर्मचारीलाई मासिक ज्यालादारीमा नराख्ने निर्णय गरियो ।

७. जनकपुरधाम उप-महानगपालिकाको, नगर कार्यपालिकाको कार्यालयद्वारा सो उप-महानगरपालिकाका सबै वडाका वडा अध्यक्ष तथा वडा सचिवहरुका लागि यथाशीध्र घरसार लिखत प्रमाणीकरण कार्यविधि सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

८. जनकपुरधाम उप-महानगरपालिकामा देहायका संस्थाहरुले कार्यक्रम संचालनार्थ यस उप-महानगरपालिकाका नगर प्रमुखलाई सम्बोधन गरी आर्थिक साहयता माग गरेकोमा सो कार्यक्रमहरुबाट मिथिला कला संस्कृतिको संरक्षण एवं प्रबर्द्धनमा सहयोग हुने हुँदा उक्त संस्थाहरुलाई सम्बन्धित शीर्षकबाट खर्च लेख्ने गरी देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | संस्थाको नाम र ठेगाना | उपलब्ध गराउने रकम |
|---|---|---|
| १. | सखी-बहिनपा मैथिलानी समूह, जनकपुरधाम-२ | रु. १५००००।- |
| २. | भूमि मिडिया प्रा.लि., सानेपा, ललितपुर | रु. १५००००।- |

२०८०।८।१०

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत